# सिद्धार्थ बैंक लिमिटेडको
# वार्षिक साधारण सभा अनलाईन (भर्चुअल) माध्यम मार्फत मात्र संचालन गरिने सम्बन्धी अत्यन्त जरुरी सूचना

यस बैंकको बीसौं वार्षिक साधारण सभा मिति २०७८/०९/३० गते शुक्रवार बिहान ११ बजे सिल्भर ओक बैङक्वेट, गैह्रिधारा, काठमाडौंमा अनलाईन (भर्चुअल) माध्यम मार्फत समेत गर्ने निर्णय भएकोमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौको मिति २०२८/०९/२७ मा जारी आदेश अनुसार मिति २०७८/०९/२७ गते राती १२:०० बजे देखि लागु हुने गरी २५ जना भन्दा बढी मानिसको उपस्थिति हुने गरी कुनै पनि किसिमको मेला, भेला तथा महोत्सवहरु एवं सामाजिक लगायतका कार्यहरु नगर्ने, नगराउने आदेश भए अनुसार यस बैंकको साधारण सभा मिति २०७८/०९/३० गते **अनलाईन (भर्चुअल) माध्यम मार्फत मात्र** संचालन गरिने व्यहोरा सम्बन्धित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारीका लागि अनुरोध गर्दछौं ।

अनलाईन (भर्चुअल) माध्यमबाट साधारण सभामा सहभागी हुन तथा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा २४ घण्टा अगावै आफ्नो परिचय पत्र सहित बैंकले जारी गरेको शेयर प्रमाण पत्र/DEMAT खाता खोलिएको प्रमाणको स्क्यान कपी समावेश गरी ईमेल ठेगाना agm@sbl.com.np मा ईमेल वा ९८४१८७५४२६ मा Whatsapp/Viber गरि पठाउनु हुन अनुरोध गर्दछौं । यसरी प्राप्त भएका ईमेल वा Whatsapp/Viber मा अनलाइन (भर्चुअल) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक हुने Meeting को ID र Passcode उपलब्ध गराइने छ । यस प्रक्रियाबाट उपस्थित हुनुहुने शेयरधनी महानुभावहरुलाई सभास्थलमा उपस्थित भए सरह मानिने छ । सभामा आफ्नो लिखित मन्तव्य, राय सुझाव दिन चाहनुहुने महानुभावले माथी उल्लेखित Email मार्फत समेत दिन सक्ने व्यवस्था मिलाइएको छ ।

साधारण सभा सम्बन्धी जानकारी यस बैंकको वेबसाइट **www.siddharthabank.com** मा उपलब्ध गराइएको छ । अन्य जानकारीको लागि बैंकको रजिष्टर्ड कार्यालय, हात्तीसार काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नं. ०१-४४४२९१९/४४४२९२०) मा सम्पर्क राख्न समेत अनुरोध गर्दछौं ।

SiddharthaBank

**Head office:** Hattisar, Kathmandu
**P.O.Box:** 13806, **Ph:** 01-4442919 / 4442920 / 5970020
**Fax:** 01-4442921, **SWIFT:** SIDDNPKA
**Email:** customercare@sbl.com.np, info@sbl.com.np
**Web:** www.siddharthabank.com